नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं ८

मिति:२०८३/०४/०४
ने.सं. ११४६

श्री जिल्ला समन्वय अधिकारीज्यू ,
जिल्ला समन्वय समितिको कार्यालय, सबै,
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह, सबै ।

विषय: विपद्को समयमा कार्यालयमा अनिवार्य उपस्थित रहने सम्बन्धमा।

प्रस्तुत विषयमा हाल देशका विभिन्न स्थानमा अविरल वर्षा, बाढी, पहिरो लगायतका विपद्जन्य घटनाको जोखिम तथा प्रभावलाई दृष्टिगत गरी विपद् व्यवस्थापन, उद्धार, राहत, समन्वय तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक भएकोले देहाय बमोजिम गर्न/गराउनहुन निर्णयानुसार अनुरोध छः

१. विपद्को संवेदनशील समयावधिभर आफ्नो कार्यालय नछाड्नुहुन तथा कार्यालयमा नियमित रूपमा उपस्थित रही आवश्यक समन्वय, सहजीकरण र निर्णय प्रक्रियामा सक्रिय रहनुहुन,
२. हाल कुनै प्रकारको बिदामा रहनुभएको भए उक्त बिदा छोट्याई यथाशीघ्र सम्बन्धित कार्यालयमा उपस्थित भई आफ्नो जिम्मेवारी सम्हाल्नुहुन,
३. विपद्सँग सम्बन्धित सूचना, उद्धार तथा राहत कार्य, क्षतिको विवरण तथा अन्य आवश्यक समन्वय कार्यमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, प्रदेश तथा सङ्घीय निकायसँग निरन्तर सम्पर्क र समन्वय कायम गर्नुहुन,
४. कुनै विशेष परिस्थितिवश कार्यालय छाड्नुपर्ने अवस्था सिर्जना भएमा सम्बन्धित निकायको पूर्वस्वीकृति लिई जिम्मेवारीको उचित व्यवस्था गरी मात्र कार्यालय छाड्नुहुन।

बोधार्थः
श्री सूचना प्रविधि शाखाःवेवसाईटमा अपलोड गरिदिनुहुन ।

प्रकाश पन्थी
शाखा अधिकृत